## गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (DNFBPs) को सहभागितामा एकदिने कार्यशाला गोष्ठी सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा मिति २०८३ साउन २८ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र goAML System मा हुने रिपोर्टिङ्गमा पृष्ठपोषण सम्बन्धमा गैरवित्तीय पेशाकर्मी तथा व्यवसायी (Designated Non-Financial Businesses and Professions-DNFBPs) क्षेत्रका सम्बन्धित नियमनकारी निकायहरू, एशोसियसनहरू तथा व्यवसायीहरूको सहभागितामा एकदिने कार्यशाला गोष्ठी सम्पन्न भयो । इकाईका प्रमुख/निर्देशक वासुदेव भट्टराईको अध्यक्षता सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्रीमान् पुष्कर सापकोटा रहनुभएको थियो भने अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागका महानिर्देशक डा. भीष्मकुमार भुसाल, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक योगेन्द्र प्रसाद दुलाल र नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरि कुमार नेपाल अतिथि रहनुभएको थियो । कार्यक्रममा DNFBPs क्षेत्रका नियमनकारी निकायहरू, एसोसिएसनहरू, व्यवसायीहरू तथा अन्य सम्वद्ध निकायहरूबाट प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।






कार्यक्रमका प्रमुख अतिथि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्रीमान् पुष्कर सापकोटाले नेपाललाई FATF को ग्रे-लिष्टबाट बाहिर निकाल्न नेपाल सरकारले आफ्नो तर्फबाट सम्पूर्ण प्रयास गरिरहेको बताउनुभयो । कार्ययोजनाको प्रगति अनुगमन गर्न छुट्टै टोली गठन भएको र सो टोलीले आवश्यकता अनुसार सम्बन्धित निकायहरूको स्थलगत भ्रमण गरी सहजीकरण गर्नसक्ने जानकारी दिँदै उहाँले सबै नियमनकारी निकाय तथा सूचक संस्थालाई तोकिएको समयसीमाभित्र ठोस प्रगति हासिल गर्न निर्देशन दिनुभयो ।

अतिथि, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक योगेन्द्र प्रसाद दुलालले घरजग्गा तथा बहुमूल्य धातु क्षेत्र किन सम्पत्ति शुद्धीकरणको जोखिममा रहन्छन् भन्ने विषयमा प्रकाश पार्नुभयो । उच्च मूल्यको सम्पत्ति,

नगदमा आधारित कारोबार र अनौपचारिक रूपमा सञ्चालित व्यवसायीको ठूलो संख्याका कारण यी क्षेत्रहरू अपराधबाट आर्जित सम्पत्ति वैधानिकीकरण गर्ने माध्यम बन्न सक्ने भन्दै उहाँले सूचक संस्थाहरूले ग्राहक पहिचान तथा अभिलेख व्यवस्थापनलाई गम्भीरतापूर्वक लिनुपर्ने बताउनुभयो । आन्तरिक राजस्व विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालले भर्चुअल माध्यमबाट कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अर्थतन्त्रको सुदृढताका लागि सम्पत्ति शुद्धीकरण निवारण प्रणाली प्रभावकारी हुनुपर्ने र यसमा प्रत्येक निकायको आ-आफ्नो भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रमको सुरुवातमा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले सबै अतिथि तथा सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य र औचित्यमाथि प्रकाश पार्नु भयो । उहाँले नेपाल FATF को ग्रे-लिष्टमा रहेको सन्दर्भमा पारस्परिक मूल्याङ्कन प्रतिवेदन तथा कार्य योजनाले औंल्याएका कमजोरी सम्बोधन गर्न सबै पक्षको सामूहिक प्रयास आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा ४ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । वित्तीय जानकारी इकाईका सहायक निर्देशक कमल पौडेलले "goAML in DNFBPs" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले २०८३ असार मसान्तसम्म goAML प्रणालीमा आवद्धता, सीमा कारोवार, शंकास्पद कारोवार/गतिविधि प्रतिवेदन, पृष्ठपोषण आदिको अवस्था तथा रिपोर्टिङ्गका क्रममा देखिएका कमजोरी औंल्याउँदै सूचक संस्थालाई प्रतिवेदनको गुणस्तर सुधार गर्न अनुरोध गर्नुभयो ।

आन्तरिक राजस्व विभागका उप-सचिव ऋषिराम पोखरेलले बहुमूल्य धातु तथा वस्तु (DPMS) क्षेत्र सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले सानो आयतनमा उच्च मूल्य, नगदमा आधारित कारोबारको लामो परम्परा तथा अवैध आयात र हुण्डीसँगको सम्भावित सम्बन्धका कारण यो क्षेत्र संवेदनशील रहेको उल्लेख गर्नुभयो ।

पर्यटन विभागका उप-सचिव हिमाल गौतमले क्यासिनो क्षेत्र सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । नगदमा आधारित उच्च मूल्यको तत्काल कारोबार, चिप्स खरिद-बिक्रीमार्फत रकमको स्रोत लुकाउन सकिने सम्भावना तथा विदेशी मुद्रा सटहीसँग जोडिएको कारोबारका कारण क्यासिनो क्षेत्र संवेदनशील रहेको उल्लेख गर्नुभयो ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका कानून अधिकृत ध्रुव भण्डारीले घरजग्गा (Real Estate) क्षेत्र सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले उच्च मूल्यको सम्पत्तिमा ठूलो रकम एकैपटक स्थानान्तरण गर्न सकिने, अपराधबाट आर्जित सम्पत्तिलाई वैध रूप दिने चरणमा व्यापक प्रयोग हुने लगायतका कारणले यो क्षेत्र उच्च जोखिमयुक्त रहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यपत्र प्रस्तुतीपश्चात् सञ्चालित छलफल तथा अन्तरक्रिया सत्रको सहजीकरण इकाईका उप-निर्देशक सचिन राज पियाले गर्नुभएको थियो । सत्रमा सहभागी व्यवसायी तथा एसोसिएसनका प्रतिनिधिहरूले ग्राहक पहिचान, इजाजतपत्र प्रक्रिया, सीमा कारोबारको गणना, goAML मा प्रतिवेदन पेस गर्ने प्रक्रिया लगायतका विषयमा उठाएका जिज्ञासाहरूमाथि सम्बन्धित कार्यपत्र प्रस्तोता तथा नियमनकारी निकायका प्रतिनिधिहरूले सम्बोधन गर्नुभयो । अतिथि निर्देशक डा. हरि कुमार नेपालले विगतको दशकमा वित्तीय क्षेत्रका सूचकसंस्थाबाट समेत यस्तै प्रकारका जिज्ञासा राख्ने गरेकोमा हाल गैर वित्तीय क्षेत्रले यो विषयसँगको



समस्या समाधानका लागि बढी भन्दा बढी जिज्ञासा उठान गर्नु सकारात्मक रहेको उल्लेख गर्दै सम्पूर्ण सहभागीहरूका जिज्ञासामाथि विस्तृत रूपमा सम्बोधन गर्नुभएको थियो ।

इकाईका प्रमुख/निर्देशक वासुदेव भट्टराईले सहभागीहरूका जिज्ञासामाथि फराकिलो दृष्टिकोणबाट सम्बोधन गर्नुहुँदै ग्राहक पहिचान (CDD/KYC) नै सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको जग रहेको र ग्राहक पहिचानको अभिलेख व्यवस्थित नभएसम्म गुणस्तरीय प्रतिवेदन सम्भव नहुने स्पष्ट पार्नुभयो । सूचक संस्था, नियमनकारी निकाय तथा सुपरिवेक्षकीय निकाय सबैको आ-आफ्नो छुट्टै तर परस्पर पूरक भूमिका रहेको उल्लेख गर्दै उहाँले सामूहिक प्रयासबाट मात्र अपेक्षित परिवर्तन सम्भव हुने बताउनुभयो ।

उहाँले सम्पत्ति शुद्धीकरण निवारणको विषयलाई टुक्रे रूपमा नभई एकीकृत दृष्टिकोण (Integrated Approach) बाट सम्बोधन गर्नुपर्ने र यस समग्र प्रणालीको मेरुदण्ड नै प्रतिवेदन (Reporting) रहेको स्पष्ट पार्नुभयो । त्यसैले आबद्ध हुन बाँकी रहेका सम्पूर्ण सूचक संस्थाहरूलाई यथाशीघ्र goAML प्रणालीमा दर्ता भई कानूनबमोजिम नियमित रूपमा प्रतिवेदन पेस गर्न उहाँले अनुरोध गर्नुभयो । अन्त्यमा, उहाँले प्रमुख अतिथि, अतिथि, कार्यपत्र प्रस्तुत गर्नुहुने प्रस्तोता लगायत कार्यक्रममा सहभागी सम्पूर्ण प्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमको सञ्चालन इकाईका प्रधान सहायक पूर्णिमा कोइरालाले गर्नुभएको थियो ।